भानु नगरपालिकाको २०७६/०५/१० गतेको नगरकार्यपालिका वैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।

भानु नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय फुङ्टान, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव

१) कार्यक्रम कार्यविधि तथा नियमावली सम्वन्धमा संयोजकको प्रतिवेदन ।
२) नगर दररेट सम्वन्धमा ।
३) ०७६/०७७ को योजना कार्यान्वयन सम्वन्धमा ।
४) व्यवसाय दर्ता तथा नविकरण एवं राजस्व सम्वन्धमा ।
५) अंधेरीघाट सम्वन्धमा ।
६) सरसफाई व्यवस्थापन सम्वन्धमा ।
७) झोलुङ्गेपुल सम्वन्धमा ।
८) वडाको प्रशासनीक खर्च सम्वन्धमा ।

**प्रस्ताव नं. १ कार्यक्रम कार्यविधि तथा नियमावली सम्वन्धमा संयोजकको प्रतिवेदन सम्वन्धमा ।**

**निर्णय नं. १** चालु आ.व.को कृषि, पशु, शिक्षा, स्वास्थ्य एवं लक्षित कार्यक्रम तजुमा, सञ्चालन कार्यान्वयन तथा सम्पादनको लागि १२ गते बाट विषयगत वैठक शुरु गरी भाद्र २५ गते भित्र सवै विषयगत शाखा प्रमुखहरुको सहयोग लिई कार्यविधि नियमावली तथा कार्यक्रम निर्माण गर्न जिम्मेवारी पूर्णता दिई प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ नगर दररेट सम्वन्धमा ।**

**निर्णय नं. २** आ.व. ०७६/०७७ को लागि यस नगरपालिकाको लागि निर्माण गरिएको कामदारको ज्याला, निर्माण सामाग्री, ढुवानी तथा मेसिन उपकरण आदिको दररेट निर्धारणका सम्वन्धमा छलफल गरी मिति २०७५/०३/३१ गते मंगलबारका दिन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तयार गरिएको आ.व. ०७६/०७७ को जिल्ला दररेटलाई नै यस नगरपालिकाभित्र पनि कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ ०७६/०७७ को योजना कार्यान्वयन सम्वन्धमा ।**

**निर्णय नं. ३** भानु नगरपालिकाको आ.व. ०७६/०७७ का लागि विनियोजित योजना तथा कार्यक्रमहरु भानु नगरपालिकाको योजना तर्जुमा कार्यविधि २०७६ तथा वार्षिक नीतिलाई सम्वोधन हुने गरी प्रभावकारी, परिणामुखी र निर्धारित अवधिमा नतिजा हासिल गराउनको लागि पूर्वाधारसँग सम्वन्धीत योजनाहरु तपशिल वमोजिस सञ्चालन गर्ने निर्णय गरियो ।

- पूर्वाधार तर्फको रु. १० लाख देखि माथि रकम विनियोजित गरिएका योजनाहरु प्रतिस्पर्धात्मक विधि अपनाई दरभाउ पत्र तथा वोलपत्र आह्वान गरी सञ्चालन गर्ने ।
- जनश्रमदान कम्तिमा १० प्रतिशत कायम गराउने ।
- असोज १० गते सम्म सवै वडाहरुमा अनिवार्य रुपमा उपभोक्ता समिति गठन गरिसक्ने ।
- आश्विन मसान्त भित्र लगत ईस्टिमेट तथा सम्झौता सम्पन्न गरिसक्ने
- आश्विन महिनामा योजना निर्माण कार्य आरम्भ गर्ने ।
- ठेक्काबाट हुने कार्यको हकमा लगत ईस्टिमेट असोज १० गते सम्म गरिसक्ने ।

मथि जुनसुकै कुरा लेखिएको भएता पनि वडामा विनियोजित भएका रु. ५० लाखका योजनाहरु मध्येबाट वडाले आ आफ्नो भूगोल, उपभोक्ता समितिको दक्षता जस्ता विविध पक्ष मूल्याङ्कन गरी उपभोक्ता समितिबाट काम गराउन सक्ने ।

**प्रस्ताव नं. ४ व्यवसाय दर्ता तथा नविकरण एवं राजस्व सम्वन्धमा ।**

**निर्णय नं. ४** प्रत्येक वडामा रहेका व्यापार व्यवसायहरुको दर्ता तथा नविकरण कार्य तत्काल अभियानको रुपमा शुरु वडा समिति तथा वडा कार्यालयबाट शुरु गर्ने आवश्यकताअनुसार वडा कार्यालयलाई नगरपालिका कार्यालयबाट सहजिकरण एवं सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ अंधेरीघाट सम्वन्धमा ।**

**निर्णय नं. ५** भानु नगरपालिका वडा नं. १, ५ र ११ का नीजि तथा सार्वजनिक घाटबाट उत्खनन गरिएको नदिजन्य पदार्थका सम्वन्धमा अनुगमनबाट प्राप्त प्राविधिक सहितको प्रतिवेदनको आधारमा आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ सरसफाई व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय नं. ६** भानु नगरपालिकाको वस्ती विकास तथा शहरिकरण उन्मुख क्षेत्रहरुमा प्रथम चरणमा तरल प्रकृतिको फोहरहरु अविलम्व संकलन, व्यवस्थापन तथा निकासी गर्नका लागि क्लब, टोल विकास संस्था एवं सामाजिक संघ संस्था तथा स्वस्फुर्त व्यक्तिहरुसँग सम्झौता गरी निकासी गरिदिने प्रयोजनका लागि सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ झोलुङ्गेपुल सम्वन्धमा ।**

**निर्णय नं. ७** भानु नगरपालिका क्षेत्रभित्र तथा यस नगरपालिका र अन्य पालिका साथै अन्य जिल्ला जोड्ने झोलुङ्गे पुलहरुको आवश्यकता पहिचान गरी रेकर्ड (Long List) तयार गर्ने । अत्यावश्यक स्थानमा आ.व. ०७६/०७७ बाट काम सुरु गर्न झोलुङ्गे पुल सम्वन्धी काम गरेको गैर सरकारी संस्था (NGO) मार्फत DPR तयार गर्ने र उक्त कार्यमा सहयोग गर्न ट्रेल वृज सपोर्ट युनिट (TBSU) पोखरालाई अनुरोध गर्ने साथै तयार भएका DPR हरुको कार्ययोजना बनाई निर्माण कार्यमा आर्थिक तथा प्राविधिक सहयोगको लीग निम्नानुसार झोलुङ्गेपुलको लागि TBSU पोखरा र कृषि सडक विभाग झोलुङ्गेपुल शाखामा अनुरोध गर्ने निर्णय गरियो ।

१) रयले वृद्धाश्रम देखि लमजुङ जोड्ने झोलुङ्गे पुल भानु १०
२) लखु राईनास लमजुङ जोड्ने झोलुङ्गे पुल भानु १०
३) निवुवास्वाँरा आले सवदी खोला झोलुङ्गे पुल भानु ११
४) नाउँदी खोला कृपेश्वर मन्दिर झोलुङ्गे पुल भानु ११
५) मयाखु सानुटार ढाँड खोला झोलुङ्गे पुल भानु ११
६) ढाँड/सानुटार ढाँड खोला झोलुङ्गे पुल भानु ११
७) उपल्लो वालुवाटारबाट गोरखा जोड्ने झोलुङ्गे पुल भानु १
८) भानु १ बाट बन्दिपुर १ भुडाटार जोड्ने झोलुङ्गे पुल भानु १
९) भानु १ निवुवास्वाँराबाट वडा नं. ५ ढाँड खोला जोड्ने झोलुङ्गे पुल भानु १
१०) जलविरे झोलुङ्गेपुल संरक्षण मर्मत भानु १
११) ढुकुर्दीबाट पालुङटार गोरखा जोड्ने मर्स्याङ्दी नदिमा झोलुङ्गे पुल भानु ३
१२) वलीफाँट रेग्मी वगरबाट गोरखा हवाई मैदान रयले जोड्ने झोलुङ्गेपुल भानु ८
१३) भानु ४ सुँहुँरे र भानु ८ फाउँदी खोला जोड्ने झालुङ्गेपुल भानु ४
१४) भानु ४ डाँडागाउँ र भानु ७ रम्घाटार जोड्ने झो.पु. भानु ४
१५) चुँदी वोक्से र भानु न.पा. ५ वारिफाँट जोड्ने झो.पु. भानु ४
१६) भानु ७ सेरा र भानु १३ चन्द्रावती जोड्ने झो.पु. भानु ७
१७) जलविरे झो.पु. मर्मत चुँदी खोला वडा नं. ५ र १
१८) भानु ५ ठुलोचौर ढकालवारी जोड्ने झो.पु.

**प्रस्ताव नं. ८ वडाको प्रशासनीक खर्च सम्वन्धमा ।**

**निर्णय नं. ८** वडा कार्यालयहरुका लागी छुट्याइएको प्रशासनिक खर्च रु. ४,२५,०००। (चार लाख पच्चीस हजार) र महिला शिर्षकमा विनियोजित भएको रु. ४०,००,०००। लाख मध्येबाट रु. १,३०,०००। वडाको प्रशासनिक खर्चमा थप गर्ने प्रत्येक वडाको रु. ४,३५,०००। प्रशासनीक खर्च कायम गरी देहायको शिर्षकमा वाँडफाँड गर्ने निर्णय गरियो । साथै प्रत्येक वडाले सि.नं. ७ को शिर्षकबाट तिज पर्वमा रु. २०,०००। सम्म खर्च गर्ने निर्णय गरियो ।

| क्र.स. | विवरण | वार्षिक विनियोजन | प्रथम किस्ता | दोस्रो किस्ता | तेस्रो किस्ता |
|---|---|---|---|---|---|
| १. | पानी विजुली | ३५,०००। | १२,०००। | १२,०००। | ११,०००। |
| २. | संचार महसुल | ३५,०००। | १२,०००। | १२,०००। | ११,०००। |
| ३. | इन्धन | ३५,०००। | १२,०००। | १२,०००। | ११,०००। |
| ४. | सञ्चालन तथा मर्मत सम्भार | ३५,०००। | १२,०००। | १२,०००। | ११,०००। |
| ५. | कार्याल सम्वन्धी खर्च | १,५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। |
| ६. | दैनिक भ्रमण भत्ता | ३५,०००। | १२,०००। | १२,०००। | ११,०००। |
| ७. | विविध खर्च/वडास्तरीय मेला महोत्सव | १,१०,०००। | | | |